# गाउँ सभाको २३औं अधिबेशन मिति २०८३ असार ८ गते

# गाउपालिका उपाध्यक्ष मैना कुमारी रावल बोहराले

# प्रस्तुत गर्नु भएको

# आर्थिक बर्ष २०८३।०८४ को

# बजेट बक्तव्य

आलिताल गाउँपालिका,

भिमदत्तपूर, डडेल्धुरा

२०८३

आलिताल गाउँपालिका

## आलितात गाउँपालिकाको
## तेइसौं गाउँसभा २०८३ असार ०८ मा प्रस्तुत
## आ.व. २०८३/८४ को वजेट वक्तव्य

**सभाध्यक्ष महोदय,**

१. आलिताल गाउँ सभाको अधिवेशनको बैठकमा उपाध्यक्षको हैसियतले आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्न पाउँदा गर्वको अनुभूति गरेको छु । यस अवसरमा राजतन्त्रको अन्त्य र सङ्घीय लोकतान्त्रक गणतन्त्रको स्थापनाका लागि भएका आन्दोलनहरूमा जीबन उत्सर्ग गर्नुहुने बीर शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। ती आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने आदरणीय नेताहरू र आ-आपनो ठाउँवाट योगदान गर्नुहुने दिदीवहिनी तथा दाजुभाईहरुप्रति हार्दिक सम्मान व्यक्त गर्दछु।

२. समृद्ध आलिताल निर्माणको लागि विकास, समृद्धि, सामाजिक न्यायको मार्गमा अगाडि बढ्न संविधानले निर्दिष्ट गरेको अर्थ व्यवस्थाको आधार निर्माण गर्न जरूरी छ। गरिवीको रेखामुनी रहेका तथा विभेद र वहिष्करणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जाति समुदाय लगायत सबै नागरिकको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा सम्बोधन गर्न यो बजेट मूलत केन्द्रित रहेको छ।

३. गाउँपालिकाको योजनावद्ध विकास प्रयासमार्फत उपलब्ध स्रोत साधनको कुशलतम् र प्रभावकारी परिचालन गरी रोजगारी सिर्जना भई गरिवी निवारण, कृषिक्षेत्रको व्यवसायीकरण, प्रसार र विश्वसनीय वितरण, पर्यटन पूर्वाधारको विकास, हरित अर्थतन्त्रको निर्माण, गुणस्तरीय जीवनोपयोगी शिक्षा, गुणस्तरीय स्वास्थ्य सेवा, युवा, महिला, बालबालिका, अल्पसंख्यक, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति, भौतिक पूर्वाधार, खानेपानी तथा सरसफाई, जलवायू परिवर्तन र विपद् व्यवस्थापन, सामाजिक न्याय र समावेशी विकास, सामाजिक सुरक्षा, वित्तीय संघीयता कार्यान्वयन, आन्तरिक आम्दानि सुदृढीकरण, कानुनी शासन, मानव अधिकार र सुशासन प्रवर्धन भई नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि यस बजेटले महत्वपूर्ण योगदान दिने विश्वास लिएको छु।

४. आलिताल गाउँपालिकाका विषयगत समितिहरू, संघ र प्रदेशबाट प्राप्त मार्गदर्शन, राजनीतिक दल, विद्वत वर्ग, संघसंस्था, निजी क्षेत्र, सहकारी क्षेत्र, विकास साझेदार एवं सञ्चार क्षेत्र लगायत आम नागरिकबाट प्राप्त सल्लाह सुझाव समेतलाई अधिकतम सम्बोधन हुने गरी बजेट तयार गरिएको छ।

५. यस बजेट तर्जुमाको क्रममा मैले नेपालको संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, नेपाल सरकारको सोही योजना, सुदूरपश्चिम प्रदेशको पञ्चवर्षिय योजना, आलिताल गाउँपालिकाको दोस्रो पञ्चवर्षिय योजना, संघ र प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, आलिताल गाउँपालिकाको नीति तथा कार्यक्रम, विषयगत समिति, गाउँ सभा सदस्यहरूबाट प्राप्त सुझावलाई मार्गदर्शनको रूपमा लिएको छु।

**सभाध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्ष २०८२।०८३ जेष्ठ मसान्तसम्मको संशोधित अनुमानित आय आम्दानी र खर्चको विवरण प्रस्तुत गर्न चाहन्छु ।

चालु आर्थिक वर्ष २०८२/८३ मा संघीय सरकारबाट रू ३३ करोड ९२ लाख ९० हजार प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म रू २७ करोड ९५ लाख ८५ हजार, प्रदेश सरकारबाट रू ६ करोड २६ लाख ९३ हजार अनुमान गरिएकोमा रू २ करोड ९० लाख ६२ हजार, संघ र प्रदेशवाट राजस्व बाँडफाँडतर्फ रु ११ करोड ८१ लाख २६ हजार प्राप्त हुने अनुमान गरिएकोमा हालसम्मन रू १० करोड ५ लाख १४ हजार प्राप्त भएको र आन्तरिक श्रोत रू ९८ लाख ६९ हजार अनुमान गरिएकोमा हालसम्म रू ३६ लाख ८४ हजार संकलन भएको छ। संशोधित बजेट रू ५३ करोड ६६ लाख १० हजार मध्ये हालसम्म रू ४१ करोड ६६ लाख १० हजार वास्तविक आय भएको देखिन्छ जुन कुल बजेटको ७७ दशमलव ६३ प्रतिशत हुन आउछ। त्यसैगरी, खर्चतर्फ हालसम्म रू ३३ करोड ८९ लाख ४६ हजार प्रगति भएको जुन ६३ दशमलव १६ प्रतिशत हुन आउछ।

| सि.न | बजेट शिर्षक | जम्मा बजेट | जम्मा खर्च | खर्च % |
|---|---|---|---|---|
| १ | आलिताल गाउँपालिका | १४ करोड ६१ लाख २३ हजार | ९ करोड ५० लाख ३६ हजार | ६५.०४ |
| २ | पशुपक्षी बिकास शाखा | ८ लाख | ७ लाख १३ हजार | ८९.१७ |
| ३ | स्वास्थ्य शाखा | १ करोड ३८ लाख १० हजार | ९७ लाख १९ हजार | ७०.४३ |
| ४ | आयुर्बेद शाखा | ७ लाख | ६ लाख ४१ हजार | ९१.६१ |
| ५ | शिक्षा युवा तथा खेलकुद शाखा | ३ करोड ७३ लाख ५७ हजार | ३ करोड १६ लाख ४७ हजार | ८४.७२ |
| ६ | कृषि विकास शाखा | १० लाख | ४ लाख २५ हजार | ४२.५१ |
| ७ | महिला बालबालिका ईकाई | ७ लाख | ८९ हजार | १२.७६ |
| ८ | न्यायिक समिति कार्यक्रम | १० लाख | ५ लाख ९९ हजार | ५९.९ |
| ९ | आलिताल गाउँपालिका वडा नं १ | ३७ लाख ५० हजार | ३० लाख ५ हजार | ८०.१३ |
| १० | आलिताल गाउँपालिका वडा नं २ | ३८ लाख ५० हजार | २५ लाख ९६ हजार | ६७.४५ |
| ११ | आलिताल गाउँपालिका वडा नं ३ | ३७ लाख ५० हजार | २२ लाख ६५ हजार | ६०.४१ |
| १२ | आलिताल गाउँपालिका वडा नं ४ | ३७ लाख ९० हजार | २१ लाख ८७ हजार | ५७.७२ |
| १३ | आलिताल गाउँपालिका वडा नं ५ | ३७ लाख ५० हजार | ३१ लाख ५२ हजार | ८४.०६ |
| १४ | आलिताल गाउँपालिका वडा नं ६ | ३७ लाख ६० हजार | ३१ लाख ०४ हजार | ८२.५७ |
| १५ | आलिताल गाउँपालिका वडा नं ७ | ४० लाख ५० हजार | ३१ लाख ८९ हजार | ७८.७६ |
| १६ | आलिताल गाउँपालिका वडा नं ८ | ४९ लाख ४० हजार | ३९ लाख ९० हजार | ८०.७७ |
| १७ | प्रदेश समपुरक | ९४ लाख | १८ लाख ४६ हजार | १९.६४ |
| १८ | संघ शसर्त | १७ करोड ९६ लाख ९० हजार | १३ करोड ४७ लाख २० हजार | ७४.९७ |

आलिताल गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| १९ | संघ बिशेष | ५ करोड ५७ लाख | १ करोड ४२ लाख ५१ हजार | २५.५९ |
| २० | सघं समपुरक | १ करोड ३२ लाख | ७२ लाख ५० हजार | ५४.९२ |
| २१ | प्रदेश शसर्त | ३ करोड ८० लाख | १ करोड ८५ लाख १३ हजार | ४८.७२ |
| २२ | प्रदेश बिशेष | ७५ लाख | ० | ० |
| जम्मा | | ५३ करोड ६६ लाख १० हजार | ३३ करोड ८९ लाख ४६ हजार | ६३.१६ |

**शिक्षातर्फ**

- सबै बालबालिकालाई विद्यालयमा पहुँच पुर्याइ शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले आलिताल गाउँपालिका अन्तर्गत ९ वटा माध्यमिक, आधारभूत विद्यालय ७ वटा र २७ वटा प्राथमिक विद्यालय गरी ४३ बटा सामुदायिक विद्यालय र २ वटा संस्थागत विद्यालयहरू सञ्चालनमा रहेका छन्।
- स्वीकृत दरवन्दी प्रा.वि. ७१, नि.मा.वि. २०, मा.वि. ६ र राहत दरबन्दी प्रा.वि. ३६, नि.मा.वि. ६ र मा.वि. ६ रहेको छ।
- त्यसैगरी, शिक्षण सहयोग अनुदान आधारभूत तह ६. मा.वि. १७, गाउँपालिका शिक्षक अनुदान प्रा.वि. १३. नि.मा.वि. २९. मा.वि. १८. उ.मा.वि. ४ रहेको छ। साबिक उच्च मा.वि. तर्फ संघिय शिक्षक ४ जना रहेको छ।
- आइ सि टि तालिम १९ जना शिक्षक, ४३ जना शिक्षकहरूलाई एकीकृत पाठ्यक्रम तालिम प्रदान गरियो।
- IEMIS सम्बन्धी ३८ जना शिक्षकहरुलाई तालिम प्रदान गरियो।

**स्वास्थ्य सेवातर्फ :**

- मातृ मृत्युका ढिलाइका चरणहरु कम गर्न ६ वटा वडाहरुमा वर्थिंग साइट विस्तार गर्नुको साथै प्रेशित गर्भवतिहरुलाइ निशुल्क एम्वुलेन्स सेवाको कार्यान्वयन गरिएको ।
- सुत्केरी र स्वा.कर्मीको अनिवार्य भेट गराउन "सुत्केरी भेट" कार्यक्रम सञ्चालन गरिएको ।
- समय समयमा ग्रामीण अल्ट्रासाउण्ड, परिवार नियोजन सेवाका सेटेलाइट क्याम्प, क्षयरोग सम्वन्धि माइक्रस्कोपिक क्याम्पहरु सञ्चालन गरिएका ,
- स्वयम सेविका कार्यक्रमलाइ वढी सुदृढ र सेवामुखी जवाफदेही वनाउन स्वयम्सेविका उत्प्रेरणा कार्यक्रम अन्तर्गत प्रति महिना रु १५०० का दरले प्रोत्साहन रकम प्रदान गरिएको ।
- गांखेत स्वास्थ्य चौकी, आ.स्वा.सेवा केन्द्र घेरेलु र आलिताल हे.पो.मा ल्याव सेवा तथा गांखेत र आलिताल हे.पो.मा सुरक्षित गर्भपतन सेवा विस्तार गरिएको ।

आलिताल गाउँपालिका

- दुर्गम क्षेत्रका व्यक्तिहरुलाई स्वास्थ्य सेवाको पहुँचमा ल्याउने प्रयासमा सबै वडाहरुमा स्वास्थ्य संस्थाहरु स्थापना गर्नुको साथै पालिकाको पहलमा आलिताल ३ र ७ मा सा.स्वा. ईकाइ सञ्चालनमा आएको ।
- ग्रामिण अल्ट्रासाउनड कार्यक्रम सञ्चालन गरिएको ।
- पालिका स्तरीय जनस्वा.ऐन तर्जुमा गरिएको ।
- ३ वटा स्वास्थ्य संस्था मार्फत ४ वटा एम्बुलेन्स परिचालन ।
- आधारभूत स्वास्थ्य सेवा केन्द्र हरुको लागि करार सेवामा स्वास्थ्य कर्मी ब्यबस्थापन ।
- स्वास्थ्य ब्यबस्थापन समितिका पदाधिकारी हरुलाई क्षमता अभिबृद्धि तालिमको निरन्तरता ।
- डी एच आइ एस टु अनलाइन प्रणालीबाट रिपोर्टिंग सबै सस्था बाट सञ्चालन ।

**कृषि सेवा तर्फ :**

- पोषण सुधारका लागि तरकारी बिउँ वितरण कार्यक्रम १००० जना कृषकलाई प्रदान गरियो।
- १ वटा कृषक समूहलाई ३० घरधुरी लाभान्वित हुने गरी मकै बाली उत्पादन प्रवर्द्धनका लागि उन्नत जातको मकैको बिउँ, मिनिटिलर १० वटा, ४ वटा कुटानी पिसानी मिल, प्लास्टिक घर निर्माण १, ऊखु पेल्ने मेसिनमा सहयोग-१, ३० वटा त्रिपाल, २ वटा जोख्ने तराजु वितरण गरियो।
- खाद्यान्न बालीको उन्नत विउँ उपयोगमा अनुदान कार्यक्रमतर्फ ५० प्रतिशत अनुदानमा ४५ जना किसानलाई उन्नत जातको गहुको बिउ र ५० जना किसानलाई उन्नत जातको धानको विउँ वितरण गरियो।
- किसान सूचिकरण र पशुपन्छी तथा मत्स्य तथ्याङ्क अद्यावधिक कार्यक्रम कार्यान्वयनमा रहेको छ।
- किसानहरुलाई फलफुलका बिरुवाहरु बितरण गरियो।

**पशुपन्छी तर्फः**

- ३८८४ पशुपन्छीलाई उपचार सेवा, ३२० वटा बोका र ४ हल गोरुको बन्ध्याकरण, ८६० वटा कुकुरहरूलाई रेविज विरुद्धको खोप, ९२ जना किसानहरूलाई हिउँदे धासको विउ वितरण, १४५ वटा गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा, १९ जना किसानलाई उन्नत जातका माछाका भूरा वितरण, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत १५ जना किसान लाभान्वित हुने गरी १ वटा कृषक समूहलाई भैंसी अनुदान, २० हजार बाख्रामा पि पि आर बिरुद्धको खोप र १२ हजार गाई गोरू भैसिलाई खोरेत रोग बिरुद्धको खोप लगाएको।
- बाख्रामा अनुदान रकम १२ जना कृषकलाई बितरण।
- कुखुरामाअनुदान रकम ४ जनालाई बितरण।
- दलित लक्षित समुहमा बाख्रा पालन कार्यक्रम।

आलिताल गाउँपालिका

- डेरी उद्यमि ब्यबसायीलाई चिलिङ भ्याट मेसिनमा सहयोग।

**आन्तरिक राजस्वतर्फ :**

आन्तरिक आयतर्फ रू ९८ लाख ६९ हजार अनुमान गरिएकोमा हालसम्म रू ३६ लाख ८४ हजार रकम संकलन भएको देखिन्छ।

**न्यायिक समिति तर्फः**

यस आर्थिक बर्षमा न्यायिक समितिमा दर्ता भएका मुद्दा ४ वटा थिए जुन फछ्यौंट भईसकेका छन। तर ६ मुद्दा चाही दर्ता नभईकन छलफलबाट नै मेलमिलाप गराएको छ। यी बाहेक यस आ.ब.मा न्यायिक समितिले देहाय बमोजिमको कार्य सम्पादन गरेको छ।

- महिलाहरुको न्यायमा पहुँच अभिबृद्धी गर्न अभिमुखिकरण कार्यक्रम सञ्चालन।
- समुदायका ब्यक्ति बिशेषलाई न्यायिक प्रकृया र कानुनी सचेतना प्रदान गर्न प्रतेक वडाका बिभिन्न समुदायमा न्यायिक समिति कार्यक्रम सञ्चालन।
- बेरोजगार र बिपन्न महिलालाई स्वरोजगार बनाउन सिपमुलक १ महिने ड्राईभिङ तालिम सञ्चालन।
- बिभिन्न बस्ति स्तरमा छुवाछुत तथा छाउपडी अन्त्य सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन।

**प्रशासनिक तथा विकासात्मक सेवा प्रवाहतर्फ :**

१ वटा गाउँपालिका केन्द्र र विषयगत शाखाहरू, ८ वटा वडा कार्यालयहरू, १० बटा स्वास्थ्य संस्थाहरूमा स्थायी, करार र ज्यालादारी गरी १२७ बढी कर्मचारीरूले आलिताल गाउँपालिकाको १८ हजार ११२ जनसंख्यालाई प्रशासनिक र विकासात्मक सेवा प्रवाह गर्दै आएका छन्।

**सभाध्यक्ष महोदय,**

अब म बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।"आत्मनिर्भर र समृद्ध गाउँपालिका निर्माण गर्ने ध्येयका साथ बजेटको उद्देश्य देहायअनुसार उल्लेख गरेको छु।

क) कृषि, लघु उद्योग र सेवा क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण र बजारीकरण मार्फत उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गरि उच्च र दिगो आर्थिक वृद्धि हासिल गर्ने ।

ख) विपदबाट प्रभावित जनसंख्या पुर्नस्थापित गरी मौसम परिवर्तन तथा विपदबाट हुन सक्ने क्षति न्यूनीकरण गर्दै समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने ।

ग) सरकारी, निजी र सहकारी क्षेत्रको सहकार्यमा लगानी तथा क्षमता अभिवृद्धि गरी रोजगारी र स्वरोजगारका अवसर सिर्जनामार्फत गरिबी निवारणमा सहयोग गर्ने ।

घ) उपलब्ध स्रोत साधनको समन्यायिक तथा अधिकतम परिचालनबाट सन्तुलित, समावेशी, आत्मनिर्भर र समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा टेवा पुऱ्याउन।

ङ) सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय सुचनाप्रविधिमैत्री, सेवाग्राहीमैत्री र सर्वसुलभ बनाई सरकारप्रतिको जनविश्वास अभिवृद्धि गर्ने ।

**सभाध्यक्ष महोदय,**

अब म उल्लिखित बजेटका उद्देश्य पूरा गर्न तय गरिएका प्राथमिकता प्रस्तुत गर्दछु । बजेटका प्राथमिकता निम्नानुसार निर्धारण गरेको छुः

क) कृषि तथा पशुपन्छी क्षेत्रको व्यावसायीकरण, आधुनिकीकरण, सामुहिकीकरण र बजारीकरण ।

ख) वन, जैविक विविधता तथा जलाधारको संरक्षण र प्राकृतिक स्रोत साधनको दिगो व्यवस्थापन तथा दिगो सदुपयोग ।

ग) स्थानीय श्रम, सीप, पूँजी र प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योग, पेशा, व्यवसायको जगेर्ना र प्रवर्द्धनमार्फत रोजगारी तथा स्वरोजगारको अवसर सिर्जना र गरिबी निवारण ।

घ) दिगो, गुणस्तरीय र प्रतिफलदायी भौतिक पूर्वाधार निर्माण ।

ङ) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा पहुँच ।

च) गुणस्तरीय शिक्षा, खेलकूद, भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, प्रबर्द्धन र विकास ।

छ) आर्थिक, सामाजिक, राजनीति र सांस्कृतिक रुपमा पछिपरेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायको सशक्तिकरण मार्फत सन्तुलित, समन्यायिक, समावेशी एवम् समानुपातिक विकास ।

ज) विधुतिय शासन (e-governance) मार्फत गुणस्तरीय सार्वजनिक सेवामा सहज पहुँच, भ्रष्टाचार निवारण र सुशासन अभिवृद्धि

**सभाध्यक्ष महोदय,**

अब म बजेट तर्जुमाका आधारहरु प्रस्तुत गर्न चाहन्छु । बजेट तर्जुमा गर्दा देहायका बमोजिम आधारहरु लिएकोछु ।

क) नेपालको संविधान र संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु ।

ख) संविधानका अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साँझा अधिकारको सूची

ग) दिगो विकासका लक्ष्यहरु ।

घ) स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन ।

ङ) नेपाल सरकारको बार्षिक बजेट वक्तव्य र आर्थिक ऐनहरु ।

च) संघीय सरकारको १६ औ योजना, सुदुर पश्चिम प्रदेश सरकार र आलिताल गाउँपालिकाको आवधिक योजना ।

आलिताल गाउँपालिका

छ) स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा मार्गदर्शन ।

ज) नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धता र सृजित दायित्व ।

झ) प्रदेश सरकारको बार्षिक बजेट वक्तव्य र प्रदेश आर्थिक ऐनहरु ।

ञ) एकिकृत आर्थिक संकेत तथा बर्गिकरण र व्याख्या, २०७४ ।

ट) आलिताल गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८३।०८४ को कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१. आर्थिक विकास तर्फ**

➢ **कृषि तथा पशुपंछी**

- कृषिवाली, पशुपंक्षी मत्स्य तथा वनजन्य व्यवसायिलाई समेट्ने गरी नेपाल सरकारको नीति अनुसार कृषि विमा कार्यक्रम संचालन गरिनेछ। आलुबाली पकेट क्षेत्र विकास कार्यक्रम र बाख्रा पकेट क्षेत्र विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ । फलफुल नर्सरी र वेर्ना रोपणलाई कार्यक्रमलाई निरन्तरता दिई गाउँपालिकालाई फलफुलमा समेत आत्मनिर्भर बनाईनेछ । यसका लागि कृषि विकास शाखा तर्फ रु १० लाख विनियोजन गरेको छु ।
- माटो स्वास्थ्य सुधार कार्यक्रम, उन्नत बीउ वितरकलाई प्रोत्साहन अनुदान र खाद्यान्न बालीको उन्नतविउ उपयोगमा अनुदान कार्यक्रम सञ्चालन गर्न रु २४ लाख विनियोजन गरेको छु ।
- कृषि विकास रणनिति अनुगमन तथा समन्वय कार्यक्रम सञ्चालन गर्न रु ३ लाख विनियोजन गरेको छु ।
- उत्पादित पशुजन्य पदार्थको बजारीकरणका लागि मासु पसल र डेरी पसल सुधारका लागि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गरिनेछ ।निम्न आय भएका, विपन्न, एकल महिला, अपाङ्गलाई सजिलै आम्दानी गरी जिविकोपार्जन गर्ने उपायको रुपमा बाखा, कुखुरा वितरण अनुदानका कार्यक्रम संचालन गरिनेछ ।बाख्रामा लाग्ने परजिवि नियन्त्रणका लागि बाख्रापालन बढी भएका क्षेत्रमा डिपिङ ट्याङ्की वितरणका कार्यक्रमलाई निरन्तरता दिइनेछ । कृत्रिम गर्भाधानका माध्यमबाट स्थानीय पशुहरुको नक्ष सुधार गरी दुग्ध उत्पादन बढाउन संचालन भईरहेको कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।पशु सेवा तर्फ महामारी नियन्त्रण तथा कृत्रिम गर्भाधान मिसन कार्यक्रमका लागि रु १ लाख विनयोजन गरेको छु ।
- हाल बजारमा भइरहेको मासु र अण्डाको माग र आयातलाई ध्यानमा राखी गाउँपालिकामा संचालित विभिन्न कुखुरापालन फार्मलाई व्यवस्थित गर्न उत्पादनमा आधारित कुखुरापालन फार्म सुधार अनुदान कार्यक्रम संचालन गरिनेछ ।कृषकलाई गाँउघरमा नै पशु उपचार सेवा प्रदान गर्न



आलिताल गाउँपालिका

गाउँपालिकाबाट टाढा रहेका वडामा पशु स्वास्थ्य शिविर, आन्तरिक तथा वाह्य परजिवि नियन्त्रण शिविर संचालन गरिनेछ ।पशु आहारामा उत्पादन योग्य पोषिला घाँसका विउ वितरण, नर्सरी स्थापना, घाँसवाली श्रोतकेन्द्र स्थापना गर्ने कार्यक्रम संचालन गरिनेछ ।कृषकहरुलाई गाउँघरमा नै पशु उपचार सेवा र कृत्रिम गर्भाधान सेवा तथा खोप सेवा संचालन गर्न सजिलोका लागि प्रत्येक वडाका पायक पर्ने स्थानमा फलामे ट्रेविज निर्माण गरिनेछ ।पशुपन्छी विकास शाखा तर्फ रु १५ लाख विनियोजन गरेको छ ।

- आलिताल गाउँपालिका क्षेत्रमा अधिक सम्भावना रहेको व्यावसायिक बाख्रापालनलाई प्रवर्द्धन गरी बाहिर जिल्लामा खसि, बोका र बाखा निर्यात गर्ने लक्ष्य राखी बाख्रापालन उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गरिनेछ । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत भेडा बाख्रा पकेट विकास कार्यक्रम सञ्चालन गर्न रु १५ लाख विनियोजन गरेको छ ।
- कोईराले डायनी दोबाटा उत्पादन बृद्धि आय आर्जन जिबिकोपार्जन सुधार कृषि कार्यक्रम बडा नं ६ र ७ का लागि रु. १ करोड १५ लाख विनयोजन गरेको छ ।

## ➢ भूमि व्यवस्था तथा सहकारी

- गाउँपालिका भित्र रहेका सबै सहकारीहरुको अनुगमन गरी COPOMIS प्रणालिमा अनिवार्य रुपमा आबद्ध गरिनेछ।सार्वजनिक जग्गा तथा सम्पतीको संरक्षण कार्यमा स्थानीय प्रशासनको सहयोग र समन्वयमा विशेष अभियान संचालन गरिनेछ।आलिताल गाउँपालिकामा रहेका भूमिहिन दलित भूमिहिन सुकुम्बासी र अव्यवस्थित वसोवासीको उचित व्यवस्थापन गरिनेछ। यसका लागि आवश्यक वजेट विनियोजन गरेको छ ।

## ➢ लघुउद्यम विकास

- संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान तथा गाउँपालिकाको साझेदारीमा गाउँपालिका स्तरीय गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। स्थानीय स्रोत, सीप र सम्भावनाको पहिचान गरी बेरोजगार युवा, महिला, विपन्न तथा लक्षित वर्गलाई उद्यमशीलता विकास, सीपमूलक तालिम, प्रविधि हस्तान्तरण तथा आवश्यक सहयोगमार्फत स्वरोजगारतर्फ आबद्ध गराइनेछ।
- बेरोजगार युवा युवति लक्षित रोजागरी सिर्जना गर्नका लागि सीप विकास तथा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- लघु तथा घरेलु उद्योगको प्रवर्द्धन, स्थानीय उत्पादनको विकास, बजार पहुँच विस्तार तथा उद्यमीहरुको क्षमता अभिवृद्धिमा विशेष जोड दिइनेछ। उत्पादनमुखी उद्यम स्थापना र सञ्चालनका

लागि वित्तीय पहुँच, सहकारी तथा निजी क्षेत्रसँगको सहकार्य र आवश्यक प्राविधिक सहयोगको व्यवस्था गरिनेछ। यस कार्यक्रममार्फत स्थानीय स्तरमा रोजगारी सिर्जना, आयआर्जन वृद्धि, गरिबी न्यूनीकरण तथा आत्मनिर्भर स्थानीय अर्थतन्त्र निर्माणमा योगदान पुऱ्याउने लक्ष्य लिइनेछ। विगतमा कार्यक्रम अन्तरगत सञ्चालन भएका उद्यमहरुको अनुगमन गरी पृष्ठपोषण तथा प्रोत्साहन गरिनेछ । लघुउद्यम विकास कार्यक्रम सञ्चालनका लागि रु ११ लाख विनयोजन गरेको छु ।

- **गरिबी निवारण**
  - गरिब संग वश्वेश्वर कार्यक्रम सञ्चालन गर्न रु ४ लाख विनयोजन गरेको छु ।
  - गरिब घर परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम का लागि रु १ लाख विनयोजन गरेको छु ।

## २. सामाजिक विकास

- **शिक्षा, युवा तथा खेलकुद**
  - राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, अध्यक्ष कप भलिबल तथा क्रिकेट प्रतियोगिता, एथलेटिक्स, मार्सल आर्टस (उसु, हाप्किडो, तेक्वान्डो र कराँते) लगायत खेलकुद सम्बन्धी विभिन्न कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
  - विद्यालयको सिकाइ उपलब्धि बढाउन शिक्षकको पेशागत क्षमता विकास गर्न तालिम, कार्यशाला तथा गोष्ठीहरु सञ्चालन गरिनेछ ।
  - आधारभूत तह कक्षा १-८ को स्थानीय पाठ्यक्रमको कार्यान्वयनको क्रममा देखिएका अनुभवका आधारमा परिमार्जन गर्दै लगिनेछ ।
  - सामुदायिक विद्यालयहरुमा कक्षा ६-१२ मा अध्ययनरत सबै छात्राहरुका लागि स्यानिटरी प्याड वितरणको कार्यलाई निरन्तरता दिइनेछ ।आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१०) मा विषयगत आधारमा तथा आधारभूत तह (कक्षा १-५) मा शिक्षक विद्यार्थी अनुपात, विद्यालय नक्साङ्कनका आधारमा विद्यालय समायोजन र दरबन्दी मिलान तथा पुनर्वितरण कार्य गरिनेछ ।
  - समुदायमा आधारित वालविकास केन्द्रहरुलाई आवश्यकता र औचित्यताका आधारमा विद्यालयमा समायोजन गर्ने र गाउँपालिकाबाट खोलिएका समुदायमा आधारित बालविकास केन्द्रहरुलाई विद्यार्थी संख्या, भौगोलिक दुरी र नक्साङ्कनका आधारमा थपघट गरिनेछ ।
  - प्रारम्भिक बाल बिकास कक्षामा सिकाइ कुनाको ब्यबस्थापन गरिनेछ।

आमचोक गाउँपालिका

- बिद्यार्थिका लागि खेलकुद सिर्जनात्मक अभ्यास योगध्यान प्रतिभा प्रस्फुटनका क्रियाकलाप सञ्चालन गरिनेछन।
- सिकाइस्तर कमजोर भएका बिद्यार्थीहरुका लागी सुधारात्मक सिकाइ प्रवर्द्धन गरिनेछ।
- डिजिटल सिकाइका लागि सबै माध्यमिक बिद्यालयहरुमा स्मार्ट बोर्डको ब्यबस्थापन गरिनेछ।
- विद्यार्थीलाई शिक्षा प्रति आकर्षित गर्न 'अध्यक्षसँग विद्यार्थी' कार्यक्रमलाई निरन्तरता दिदै विधागत सिप, कला, कौशल प्रस्फुटन गरी उत्कृष्टलाई प्रोत्साहन दिइनेछ ।
- गाउँपालिका स्तरीय टिम छनौटका लागि प्रत्येक वडामा खेलकुद प्रतियोगिताहरु सञ्चालन गरिनेछ।
- शिक्षा युवा तथा खेलकुद तर्फ रु ३ करोड ५० लाख विनियोजन गरेको छ ।
- सबैका लागि शिक्षा आधारभूत तह तर्फ रु ७ करोड ९६ लाख विनयोजन गरेको छ ।
- शिक्षा अन्तर्गत माध्यमिक तह शिक्षा तर्फ १ करोड १२ लाख विनयोजन गरेको छ ।
- विद्यालय शिक्षा क्षेत्र योजनाका लागि रु ५ करोड ११ लाख विनयोजन गरेको छ ।

➢ **स्वास्थ्य**

- स्वास्थ्य क्षेत्रको आधारभूत तहमा काम गर्ने सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविकाहरुको सेवा भावको कदर गर्दै तथा स्वास्थ्य क्षेत्रमा खेलेको भूमिकाको सम्मान स्वरूप उहाँहरुले प्राप्त गर्दै आएको मासिक उत्प्रेरणा रकम एबम कार्यक्रम हरुमा प्राप्त गर्दै आएको यातायात खर्च लगायतका सेवा सुबिधाहरुमा निरन्तरता दिइनेछ । महिला स्वयमसेविकाहरुको स्वास्थ्य क्षेत्रमा गरेको योगदानलाई कदर गर्दै प्रदान गर्दै आएको उत्प्रेरणा रकमको निरन्तरता दिइनेछ।
- सामुदायिक स्वास्थ्य इकाई वडा नं ३ सेला र वडान नं ७ खिन्नेभाड़ीबाट प्रदान गरिदै आएको आधारभूत स्वास्थ्य सेवाहरुमा निरन्तरता दिनुका साथै आलिताल ८ कुर्जेनिमा सामुदायिक स्वास्थ्य इकाई विस्तार गरिनेछ ।
- एम्बुलेन्स सेवालाई थप प्रभाबकारी बनाउदै कार्यविधिमा तोकिएका रोगहरुको साथै गर्भवती प्रेषण सेवा आलितालबाट बाहिरका संस्थाहरुसम्म मात्र नभई आलिताल भित्रका बर्थिंग सेन्टर हरुमा पनि निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ । नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम सञ्चालनका लागि रु १६ लाख विनयोजन गरेको छ ।
- आलिताल गाउँपालिका अन्तर्गतका ५ बर्षमुनिका बालबालिका हरु, संचालनमा भएका कुनैपनि खोप बाट बन्चित हुनु नपरोस भन्ने अभिप्रायले पूर्णखोप वडा तथा पालिका घोषणाका कार्यक्रमहरुमा निरन्तरता दिइनेछ ।
- आँखा शिविरहरुको संचालनमा नियमितता दिदै आवस्यक स्थानहरुमा स्कृनिङ क्याम्प तथा सर्जिकल क्याम्प संचालन गरिनेछ।

आलिताल गाउँपालिका

- सुत्केरी अबस्थामा पोषण सहयोग पुऱ्याउन सुत्केरी सित उपाध्यक्ष कोशेली कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- समाजमा देखिएको मानसिक स्वास्थ्य समस्याहरुलाई मध्यनजर गर्दै आगामी बर्षमा बिशेषज्ञ सहितको मानसिक स्वास्थ्य शिविर संचालन गरिनेछ।
- मानब जनावर तथा पशुपंक्षी एवं वातावरण सितको सम्बन्धबाट प्रभावित भई मानव समुदायमा पर्ने समस्याहरु मध्यनजर गर्दै One Health कार्यक्रमको सुरुवात गरिनेछ।
- स्वास्थ्य क्षेत्र थप पारदर्शी र सुदृढ गर्न, आबस्यक ऐन, नियमावली, कार्यविधि तयार गर्नुको साथै सामाजिक परिक्षणको कार्यलाई निरन्तरता दिइनेछ । आ.ब. ०८२/०८३ मा विस्तार गरिएको आँखा उपचार केन्द्रलाई निरन्तरता दिदै थप ब्यबस्थित गरिनेछ ।
- स्वास्थ्य सेवा तर्फका कार्यक्रम सञ्चालनका लागि रु १ कोरोड २० लाख विनियोजन गरेको छु।
- स्वास्थ्य व्यवस्थापन कार्यक्रम सञ्चालनका लागि रु ३ लाख विनयोजन गरेको छु ।
- स्वास्थ्य सेवा तर्फ क्षयरोग नियन्त्रणका लागि रु २ लाख विनयोजन गरेको छु ।
- स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम सञ्चालन गर्न रु १६ लाख विनयोजन गरेको छु ।
- महामारी रोग नियन्त्रण कार्यक्रम सञ्चालनका लागि रु ४ लाख विनयोजन गरेको छु ।
- उपचारात्मक सेवा कार्यक्रम सञ्चालनका लागि  रु १३ लाख विनयोजन गरेको छु ।
- त्यसै गरी आयुर्वेद सेवा कार्यक्रम सञ्चालन गर्न रु. ६ लाख विनयोजन गरेको छु ।
- किशोर/किशोरी प्रजनन स्वास्थ्यलाई प्राथिमिकतामा राखी संस्था प्रमाणीकरण कार्यको विस्तार गरिनेछ ।कुपोषणमा रहेका बालबालिकाहरुको निदान गर्न पोषण लेखाजोखा कार्यक्रमलाई निरन्तरता दिइनेछ । निशुल्क औसधि तथा औसधिजन्य सामाग्री हरुको आपूर्तिकार्यलाई निरन्तरता दिइनेछ। प्राथमिक स्वास्थ्य सेवा तर्फ रु. १ करोड ३० लाख विनयोजन गरेको छु।

➢ **बहुक्षेत्रीय पोषण**

- सुनौला हजार दिनका आमाहरुलाई असल खानपान र व्यवहार परिवर्तन सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।आमा समूहहरुलाई आधारभूत पोषण तथा गुणस्तरीय सुरक्षित मातृत्व सेवा सम्बन्धी आधारभूत गोष्ठी सञ्चालन गरिनेछ ।बहुक्षेत्रीय पोषण कार्यक्रमलाई मात्रृ तथा बालपोषणसंग समन्वय हुने गरि प्रभाबकारी किसिमले अगाडी बढाइनेछ । बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गर्न रु २० लाख विनयोजन गरेको छु ।

➢ **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण :**



आलिताल गाउँपालिका

- विपन्न, दलित, आदिवासी, जनजाती, एकल महिला, अपाङ्गता भएका महिला लगायत बञ्चितीकरणमा परेका सबै समुदायका महिला तथा किशोरीका लागि आय आर्जन, सशक्तिकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछन् । महिला तथा बालबालिका उपर हुने सबै प्रकारका हिंसा अन्त्यका लागि सबै वडाहरुमा अभियान सञ्चालन गरिनेछ । महिला वालवालिका तथा ज्येष्ठ नागरिक तर्फ रु ७ लाख विनियोजन गरेको छु ।
- महिला विरुद्धका कुरिती, भेदभाव र हिंसा अन्त्य गर्न सामाजिक जागरण, सशक्तिकरण र महिला शिक्षाका कार्यक्रम संचालन गरिनेछ । राष्ट्रिय महिला सशक्तीकरण परियोजना सञ्चालनका लागि रु २ लाख विनयोजन गरेको छु ।
- अपाङ्गता भएका व्यक्ती लक्षित कार्यक्रम तथा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापनाका लागि सामाजिक विकास कार्यक्रम सञ्चालनका लागि रु ८ लाख विनयोजन गरेको छु ।

➢ **रोजगार सेवा केन्द्रः-**

- गाउँपालिका अन्तर्गत सञ्चालन हुने विकास निर्माणका कार्यहरुमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिईनेछ। राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तरगत बेरोजगार युवाहरुलाई सिपमुलक तालिम प्रदान गरी स्वरोजगार बनाईनेछ। राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत संचालित योजनाहरुलाई प्रत्यक्ष विकाससंग जोडेर जनताको सीप, क्षमता र योग्यता अनुसार रोजगारी प्रदान गरिनेछ ।बैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिपको सदुपयोग गर्दै स्वरोजगार र उद्यमशिलता विकासका लागि स्थानीय आर्थिक विकास अन्तर्गत नवप्रवर्तनशील तथा प्रोत्साहनमुखी कार्यक्रमसँग आवद्ध गरिनेछ। स्थानीय उत्पादन प्रवर्द्धन गर्न गुड तथा महको प्रसोधन, प्याकेजिङ तथा ब्रान्डिण गर्न आवश्यक वजेट विनियोजन गरेको छु । राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि रु १९ लाख विनयोजन गरेको छु ।

➢ **सुरक्षित आप्रवासन (SAMI) कार्यक्रमः-**

- सुरक्षित आप्रवासन सम्बन्धी समुदाय स्तरमा सचेतनामुलक कार्यक्रम सञ्चालन गरी बैदेशिक रोजगारीको नाममा हुने ठगी न्युनिकरण गरिनेछ। डिजिटल बित्तिय साक्षरता सम्बन्धी कार्यक्रम सञ्चालन गरी हाल भईराखेको अनलाईन बैंकिङ सम्बन्धी ठगी न्युनिकरण गर्दै सुरक्षित लगानिका साथै आर्थिक रुपले आत्मनिर्भर बन्न प्रोत्साहन गरिनेछ। श्रम आप्रवासन पार्श्वचित्र निर्माण र अनौपचारिक श्रमिकको सामाजिक सुरक्षा सम्भावना सम्बन्धि अध्ययन गरी Needs Nepal संगको साझेदारीमा रोजगार शाखामा श्रम तथा आप्रवासन सुचना तथा परामर्श डेस्क सञ्चालन गर्नुका साथै साना सिचाई र जिबिकोपार्जनका लागि अनुदान कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट

विनियोजन गरेको छ । रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत समुदाय स्तरमा सुरक्षित बैदेशिक रोजगारी सम्बन्धी अभिमुखीकरण तथा सूचना प्रवाह गर्न रु ४ लाख विनयोजन गरेको छ ।

## पूर्वाधार विकास

### ➢ भौतिक पूर्वाधार

- संघीय सरकार, प्रदेश सरकार तथा गाउँपालिकाबीचको साझेदारी र समन्वयमा आवश्यक सार्वजनिक भवन तथा पूर्वाधार निर्माण कार्यलाई प्राथमिकताका साथ अघि बढाइनेछ। निर्माण प्रक्रियामा रहेको गाउँपालिकाको प्रशासकीय भवनलाई निर्धारित मापदण्ड, गुणस्तर र समयसीमाभित्र सम्पन्न गरी प्रभावकारी प्रशासनिक सेवा प्रवाहका लागि आवश्यक व्यवस्था मिलाइनेछ।
- गाउँपालिका क्षेत्रभित्र ऊर्जा पहुँच विस्तार, वैकल्पिक तथा नवीकरणीय ऊर्जाको प्रवर्द्धन र ऊर्जा संकट न्यूनीकरणका लागि आवश्यक नीति तथा कार्यक्रम सञ्चालन गरिनेछ। बजार क्षेत्र, धार्मिक स्थल, सार्वजनिक स्थान तथा आवश्यक क्षेत्रहरुमा सौर्य बत्ती जडान गरी सुरक्षित, उज्यालो र वातावरणमैत्री स्थानीय पूर्वाधार निर्माणमा जोड दिइनेछ।
- ऊर्जा दक्षता वृद्धि, वातावरणीय प्रदूषण न्यूनीकरण तथा स्थानीय स्रोतको दिगो उपयोगमार्फत आत्मनिर्भर ऊर्जा व्यवस्थापन प्रणाली विकास गर्ने लक्ष्य लिइनेछ। नवीकरणीय ऊर्जालाई स्थानीय आर्थिक गतिविधि, कृषि तथा उद्यम विकाससँग जोड्दै दिगो विकासमा योगदान पुऱ्याइनेछ। यसका लागि आवश्यक रकम विनियोजन गरेको छ।
- सबै नागरिकलाई स्वच्छ, सुरक्षित र भरपर्दो खानेपानी सेवामा पहुँच सुनिश्चित गर्ने उद्देश्यले खानेपानीका स्रोत संरक्षण, नयाँ आयोजना विस्तार तथा पुराना संरचनाको मर्मत सम्भारमा विशेष जोड दिइनेछ। काफली बृहत खानेपानी क्रमागत योजना कार्यान्वयन गर्न रु. १ करोड ५ लाख रुपैंया विनयोजन गरेको छ ।
- सडक सरसफाई, विस्तार तथा स्तरोउन्नती कार्यलाई निरन्तरता दिदै सडक संजालबाट बन्चित टोलहरू सडक संजाल जोडिनेछ । डोला रिङरोड कालोपत्रे र जालटुडा ग्वान्नी सलमुल्ले सडक निर्माण योजनाका लागि रु. ९० लाख विनयोजन गरेको छ ।
- काफलि बृहत खानेपानी योजना तथा डोला रिङरोड कालोपत्रे निर्माण योजनाको निर्माण कार्य सुचारु गरिनेछ । भावर लिफ्ट सिचाइ आयोजना लगायत सुचारु रहेका क्रमागत योजनाहरुलाई

निरन्तरता दिइनेछ । भावर लिफ्ट सिचाँई योजना का लागि रु. १ करोड ४१ लाख विनियोजन गरेको छु ।

- झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत खिन्नेभाडी झोलुङगे पुल निर्माण योजनाका लागि रु २० लाख विनियोजन गरेको छु ।
- विद्यालय शिक्षा क्षेत्र योजना अन्तर्गत साझेदारीमा विद्यालय पूर्वाधार विकासका लागि रु ३० लाख विनियोजन गरेको छु ।

➢ **संस्कृति तथा पर्यटन :**

- आलिताल र जोशिना झरना लगायतका पर्यटकीय स्थलको रुपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण तथा संरक्षण र संवर्द्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- सबै वडामा भएका ऐतिहासिक धर्मसालाहरु खोज अनुसन्धान गरी संरक्षण तथा सम्बर्द्धन गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्रका देउडा हुड्के मारुनी नाँच, पञ्चेबाजा, गमरा, गौरा पर्व लगायतका स्थानीय लोक संस्कृति जगेर्ना तथा सांस्कृतिक सम्पदा एवं मठमन्दिरहरुको संरक्षण गर्दै पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ । यसका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

### ३. बन वातावरण तथा विपद व्यवस्थापन

- दिर्घकालिन रुपमा वातावरण लाई असर पार्ने खालका प्लास्टिक झोला (क्यारी ब्याग) निषेध गरिनेछ । मानव स्वास्थ्य संगै वातावरण संहरक्षणमा गम्भिर असर पार्ने प्लास्टिक तथा प्लाष्टिक जन्य प्रयोगलाई नियन्त्रण गर्नका लागि नियमित अनुगमन र चेतना विस्तार गर्दै प्लाष्टिक मुक्त अभियानलाई निरन्तरता दिइनेछ ।ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ ।
- सामुदायिक वन उपभोक्ता समिति र दातृ निकायहरुसंगको सहकार्यमा वन डढेलो, बातावरण संरक्षण र विपद व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।फोहरमैला व्यवस्थापनको लागि मुख्य मुख्य स्थानमा डम्पिङ साईट निर्माण गरिनेछ । यसका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

### ४. सुशासन तथा संस्थागत विकास

- गाउपालिकाका सम्पुर्ण वडा कार्यालयहरुमा बिद्युतिय हाजिरीको व्यवस्थापन गरिने छ। साथै गाउपालिका केन्द्रमा डिजिटल नागरिक वडापत्रको व्यवस्थापन गरिनेछ।

आलिताल गाउँपालिका

- आर्थिक अनुशासन तथा पारदर्शिता कायम गरी सुशासनको प्रत्याभूति गराउन गाउँपालिका अन्तर्गत कार्यान्वयन गरिने क्रियाकलापहरुको सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई कार्यक्रम नियमित संचालन गरिनेछ।
- मानव अधिकारको संरक्षण र सम्बर्द्धनका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।
- न्यायीक समितिलाई थप उर्जावान बनाउन आवश्यक तालिम सञ्चालन गरिनेछ ।
- प्रत्येक समुदायमा गई महिला र पछाडी परेका बर्गको न्यायिक क्षमता अभिबृद्धी गर्ने उद्देश्यले उपाध्यक्षसंग लक्षित बर्ग अन्तरकृया तथा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।
- सिमान्तकृत बर्ग समुदायको क्षमता अभिबृद्धीको लागि प्रत्येक वडाको लक्षित टोलमा उपाध्यक्ष कोशेली कार्यक्रम संचालन गरिनेछ ।
- प्रत्येक माध्यमिक बिद्यालयहरुमा र सार्बजनिक संस्थाहरुमा डिजिटल साक्षरता कार्यक्रम संचालन गरिनेछ।
- सूचना प्रविधिको विकाससँगै बढ्दै गएको AI प्रयोग सम्बन्धी कर्मचारी र जनप्रतिनिधीहरुको क्षमता बिकासको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउपालिकाको बातावरणिय प्रोफायल निर्माण गरी GIS Database को बिकास गर्दै Spatial Based Mapping गरिनेछ ।
- लाभग्राहीहरुलाई विभिन्न सेवाहरु सहज रुपमा उपलब्ध गराउन गाउँ बस्ती स्तरमा घुम्ती सेवाहरु संचालन गरिनेछन । सुशासन तथा संस्थागत विकासका लागि आवश्यक वजेट विनियोजन गरेको छ ।
- सबै वडा कार्यालयहरुमा Biometric Device जडान गरी सामाजिक सुरक्षा भत्ता नविकरण कार्य Biometric Verification वडा कार्यालयबाट नै गरिने व्यवस्था मिलाइनेछ ।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण शखातर्फ रु ५ लाख विनयोजन गरेको छ ।

➢ **वडाका योजना तथा कार्यक्रम**

गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुको प्रशासनिक सञ्चालन तथा पूँजीगत विकास कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ। वडा नं. ३ र ८ का लागि चालु खर्चतर्फ रु. ५ लाख र पूँजीगततर्फ रु. ४२ लाख विनियोजन गरिएको छ। त्यस्तै अन्य बाँकी वडा कार्यालयहरुका लागि चालु खर्चतर्फ रु. ५ लाख र पूँजीगततर्फ रु. ४० लाख विनियोजन गरिएको छ।

यस बजेट विनियोजनमार्फत वडा स्तरमा प्रशासनिक सेवा प्रवाहलाई प्रभावकारी, सहज र व्यवस्थित बनाउने तथा स्थानीय पूर्वाधार विकास र सेवा विस्तारलाई गति प्रदान गर्ने उद्देश्य लिइएको छ।

**सभाध्यक्ष महोदय**

अब म माथि उल्लेखित क्षेत्रगत कार्यक्रमहरुको कार्यान्वयनका लागि बजेट विनियोजन तथा स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु।

आगामी आर्थिक वर्ष २०८३/८४ का लागि कुल खर्च रु. ४९ करोड ७३ लाख ७५ हजार विनियोजन गरिएको छ। कुल विनियोजनमध्ये चालुतर्फ रु. ३२ करोड ८५ लाख ५० हजार अर्थात ६६ दशमलब ०५ प्रतिशत र पूँजीगततर्फ रु. १६ करोड  ८८ लाख २५ हजार अर्थात ३३ दशमलब ९५ प्रतिशत रहेको छ। बजेट कार्यान्वयनलाई थप प्रभावकारी बनाउन नतिजामुखी बजेट प्रणाली, डिजिटल अनुगमन प्रणाली तथा सार्वजनिक खर्चको पारदर्शिता सुनिश्चित गर्ने नीति अवलम्बन गरिनेछ। विकास आयोजनाहरुको गुणस्तर सुनिश्चित गर्न तेस्रो पक्षीय अनुगमन, सामाजिक परीक्षण र नागरिक सहभागितामूलक मूल्याङ्कनलाई संस्थागत गरिनेछ। साथै, स्थानीय स्रोत परिचालन, कर प्रशासन सुदृढीकरण र आन्तरिक राजस्व वृद्धि मार्फत वित्तीय आत्मनिर्भरता तर्फ अग्रसर हुने नीति लिइनेछ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको कुल खर्च व्यहोर्ने स्रोतहरुमा संघीय सरकारको समानीकरण अनुदानबाट रु. ९ करोड २७ लाख, संघीय राजस्व बाँडफाँडबाट रु. ११ करोड  ९३ लाख ११ हजार, संघीय सशर्त अनुदानबाट रु. १८ करोड ६ लाख, संघीय विशेष अनुदानबाट रु. २ करोड २० लाख र समपूरक अनुदानबाट रु. २ करोड ३१ लाख प्राप्त हुने अनुमान गरिएको छ।

त्यसैगरी, सुदूरपश्चिम प्रदेश सरकारको सशर्त अनुदानबाट रु. ८८ लाख, विशेष अनुदानबाट रु. ६६ लाख ५० हजार, समपूरक अनुदानबाट रु.१ करोड ७७ लाख ८२ हजार, समानीकरण अनुदानबाट रु. ८० लाख ३१ हजार तथा प्रदेश राजस्व बाँडफाँडबाट रु. ३४ लाख १ हजार प्राप्त हुने अनुमान गरिएको छ।

आलिताल गाउँपालिकाको आन्तरिक स्रोत तथा अन्य आम्दानीबाट रु. १ करोड ५० लाख  अनुमान गरिएको छ।

**सभाध्यक्ष महोदय,**

बजेट तर्जुमा प्रक्रियामा आ—आफ्नो तर्फबाट रचनात्मक सुझाव प्रदान गर्नुहुने राजनीतिक दल, संघीय तथा प्रदेश सभाका माननीय सदस्यज्यूहरु, निजी तथा सहकारी क्षेत्र, राष्ट्रसेवक कर्मचारी, सामुदायिक तथा सामाजिक संघसंस्था, सञ्चार जगत तथा देश—विदेशमा रहनु भएका सम्पूर्ण गाउँपालिकावासी दिदीबहिनी तथा दाजुभाइहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

अन्त्यमा, प्रस्तुत बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि समुदाय—सरकार—निजी क्षेत्र साझेदारीलाई प्रभावकारी बनाउँदै "विकासमा सहभागिता, परिणाममा जवाफदेहिता" भन्ने मूल मर्मलाई व्यवहारमा उतारिनेछ। जलवायु परिवर्तन, युवा पलायन र उत्पादनशीलता न्यूनता जस्ता चुनौतीलाई अवसरमा रूपान्तरण गर्दै समृद्ध र आत्मनिर्भर आलिताल निर्माण गर्ने हाम्रो लक्ष्य हो।

आलिताल गाउँपालिका

सबै सरोकारवालाहरुको सक्रिय सहभागिता, निरन्तर सहकार्य र अपनत्वबाट मात्र यो लक्ष्य सम्भव हुने भएकाले विकास अभियानमा हातेमालो गर्न हार्दिक आह्वान गर्दछु।

धन्यवाद।

..................

मैना कुमारी रावल बोहरा

उपाध्यक्ष

आलिताल गाउँपालिका, डडेल्धुरा

आलिताल गाउँपालिका